बैठक संख्या : ७९

मिती : २०७७।०७।२७ गते

स्थान : राप्ती नगरपालिका

समय : साझ ४: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक का.वा. अध्यक्ष गोमा देवी घरेल

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया का.वा. अध्यक्ष पूर्ण प्रसाद आचार्य

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल — सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

Scanned with CamScanner

बैठक संख्या ७९ मिति २०७७/०७/२७

प्रस्तावहरु

१. चितवन छहारीको पत्र सम्वन्धमा
२. गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन सम्वन्धमा ।
३. भण्डारा अस्पतालको लागि जग्गा व्यवस्थापन सम्बन्धमा।
४. भौतिक पूर्वाधार विकास मन्त्रालयको परिपत्र सम्बन्धमा
५. जनता आवास कार्यक्रम सञ्चालन सम्वन्धमा ।
६. सरसफाइ समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
७. रासायनिक मल व्यवस्थापन सम्वन्धमा ।
८. जनप्रतिनिधिको स्वास्थ्य लाभको कामना सम्वन्धमा ।
९. शुभ दिपावली तथा छठ पर्वको शुभकामना सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १

राप्ती नगरपालिका भित्र उत्तर र दक्षिण भेगमा पर्ने वडाहरुमा सहज यातायात पहुचँ विस्तार गर्न यस चितवन जिल्लाका रत्ननगर, कालिका, भरतपुर र खैरहनी नगरपालिकालाई पठाएको पत्र अनुसार सबै नगरपालिकाका प्रमुखसँग समन्वय गरी पुर्व पश्चिम राजमार्गमा यातायातको रुट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आर्थिक वर्ष ०७७/७८ मा सशर्त अनुदानका रुपमा उपलब्ध बजेट तथा कार्यक्रम अन्तर्गतको गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन गर्ने प्रयोजनार्थ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ७ बमोजिम प्रथम चौमासिक अवधिभित्र आवश्यक सहजकर्ता छनौट गरिसक्नुपर्ने भएको हुदा ऐ. दफा को ऐ उपदफा बमोजिम उद्यम विकास समितिको वैठकको निर्णयबमोजिम थप एक महिना (मंङ्सिर) भित्र उद्यम विकास सहजकर्ता छनौटका गर्नका लागि उद्यम विकास सहजकर्ता चौथो तह पद -१ र पाचौ तह पद-१ का लागि विज्ञापन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

बैठक संख्या ७९ मिति २०७७/०७/२७

<u>निर्णय नं. ३</u>

नेपाल सरकारले अस्पताल नभएका स्थानीय तहहरुमा ५ देखि १५ शैय्याको अस्पताल निर्माण गर्न स्वीकृति प्रदान गरिसकेको र सोही बमोजिम यस नगरपालिकामा १० शैय्याको भण्डारा अस्पताल स्वीकृत भई सोको नमूना डिजाइन, ड्रइङ समेत प्राप्त भएकोमा तोकिएको मापदण्ड बमोजिम अस्पताल निर्माणको लागि जग्गा नभएकोले राप्ती नगरपालिकाको प्रशासनिक भवन पछाडी रहेको सरकारी जग्गा लिजमा उपलब्ध गराउने प्रक्रिया अगाडि बढाउन मत्स्य विकास केन्द्र, भण्डारालाई अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

पूर्वाधार विकास कार्यालय बागमती प्रदेशको मिति २०७७/०६/२० चं.नं.२२८को पत्रसाथ संलग्न भौतिक पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेश हेटौडा मकवानपुर को प.सं.०७६/७७ योजना चं.नं. ७९३ मिति २०७६/१०/०६ को परिपत्रमा उपभोक्ताबाट निर्माण कार्यहरु सम्पादन एवं कार्यान्वयन गर्दा परिपालना गर्नुपर्ने वुदाँमा सडक कालोपत्रे, सडक ढलान, सडक पूल निर्माण जस्ता गुणस्तर परिक्षण गर्नुपर्ने, Heavy Machine प्रयोग गर्नुपर्ने, निर्माण पश्चात उपभोक्ता समितिबाट मर्मत सम्भार हुन नसक्ने निर्माण कार्यहरु उपभोक्ता समितिबाट नगराउने उल्लेख भएकोमा स-साना सडक ढलानका कार्यहरु उपभोक्ता समितिबाट निर्माण हुदै आएको र यस्ता स-साना कार्यहरुको दरभाउ पत्र, विडिङ्ग प्रक्रियामा जादाँ निर्माण कार्यमा ढिलाई हुने भएकोले ढलान कार्य उपभोक्ता समितिबाट गराउने र सोको लागि प्रदेश भौतिक योजना मन्त्रालय संग अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.५</u>

शहरी विकास मन्त्रालयको मिति २०७७/०६/२९ चं न् ३८५ को पत्रानुसार चालु आ.व.०७७/७८ मा केन्द्रिय सुरक्षित नागरिक आवास समन्वय समितिको वैठकबाट निर्णय भएबमोजिम यस राप्ती नगरपालिकामा जम्मा ३६८ घर, सुरक्षित नागरिक आवास निर्माणको लागि आवास संख्या निर्धारण गरिएकोमा नगरपालिकाका पहाडि भेगका १०,११,१२ र १३ नं. वडामा प्रतिवडा ३० र तलका वडाहरुमा प्रतिवडा २० घरधुरीका दरले सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधि

Scanned with CamScanner

बैठक संख्या ७९

मिति २०७७/०७/२७

२०७५ बमोजिम लक्षित बर्ग छनौट गर्ने र बाकि ६८ घरका लागि नगरस्तरिय अनुगमन समितिद्वारा लक्षितवर्ग पहिचान गरी जम्मा ३६८ घरधुरीका लागि सुरक्षित आवास निर्माण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

राप्ती नगरपालिका अन्तर्गत रहेको सरसफाइ समितिको मिति २०७७/०७/२५ गते बसेको बैठकमा गरिएका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१. राप्ती नगरपालिका गठित सरसफाई व्यवस्थापन समितिका संयोजक राजकुमार उप्रती संयोजक भई वडा नं १ देखि ९ सम्मका वडा अध्यक्ष रहने गरी सरसफाई व्वस्थापन समिति रहेकोमा हाल उक्त समितिमा वडा नं १० का वडा अध्यक्ष श्री अमर बहादुर तमाङ्ग, कार्यपालिका सदस्य श्री कविता राई, शिवशक्ति सामुदायिक वन उपभोक्ता समिति का अध्यक्ष समेत सदस्य रहने र ई श्री अर्जुन पौडेल सदस्य सचिव रहने गरी समितिमा सदस्य थप गर्ने निर्णय गरियो ।

२. फोहोर मैला व्यवस्थापनका लागी रिकिसि संस्थाद्वारा अबलम्बन गरिने प्रविधिका विषयमा जनचेतना जगाउन तत्काल तपसिलका स्थानहरुमा रिकिसि संस्थाको प्राविधिक सहयोगमा सचेतनात्मक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

क) खुरखुरे राप्ती -८
ख) हर्दि राप्ती-६
ग) लक्ष्मिनारायण चोक-राप्ती ४
घ) झुरझुरे राप्ती-३
ङ) सिमरा चोक,राप्ती-२
च) विरेन्द्रनगर राप्ती -७
छ) भण्डारा राप्ती- ५
ज) डडुवा चोक -राप्ती४
झ) गडचौली राप्ती-२
ञ) पिप्ले चोक राप्ती -१

## निर्णय नं. ७

दीपशिखा कृषि सहकारी संस्था लि.बाट जफत रासायनिक मल कारवाही स्वरुप बिक्री गरी राजश्व दाखिला गर्नुपर्ने जिल्ला प्रशासन कार्यालय, चितवनको फैसला पत्रमा उल्लेख भएको रासायनिक मल जिल्ला प्रशासन कार्यालय, चितवन र इलाका प्रहरी कार्यालय, भण्डाराको रोहोबरमा गणना गर्दा युरिया ८८ बोरा कम

Scanned with CamScanner

बैठक संख्या ७९

मिति २०७७/०७/२७

रहेको, खुला आधा भरी रहेको ५ बोरा मल उल्लेख भएकोमा सो नरहेको पाइयो । ८३ बोरा युरिया, १५ बोरा डि.ए.पी. र १ बोरा चिनी मल सर्वसाधारणलाई तोकिएको मूल्यमा बिक्री गरिएको तर बाँकी ८१ बोरा डि.ए.पी. र २८ बोरा पोटास मल सर्वसाधारण कृषकहरु खरिद गर्न नआएको र कार्यालयमा जनशक्तिको अभावमा सबै मल बिक्री गर्न असम्भव भएकोले मैखिक सूचनाको आधारमा उक्त मल खरिद गर्न ईच्छुक कृषि सहकारी संस्थालाई तोकिएको मूल्यमा नगदै लिई बिक्री गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (केभिड-१९) हाल यस रासी नगरपालिकाभित्रका केही जनप्रतिनिधिहरु (वडा नं.१ का वडा अध्यक्ष श्री सिद्विलाल स्याङ्गताङ,वडा नं. ८ का वडा अध्यक्ष श्री वुद्विलाल थपलिया, वडा नं.९ का वडा अध्यक्ष श्री देवेन्द्र लामा, वडा नं ७ का वडा सदस्य श्री दिल पुन र वोद्य प्र. रिजाल) तथा केहि कर्मचारीहरु संक्रमित भइ आइसोलेसनमा बसिरहेको सन्दर्भमा उहाँहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै सम्पुर्ण नगरवासीहरु तथा नगरपालिका परिवारलाई सुरक्षित स्वास्थ्यका मापदण्ड अपनाएर कार्य गर्न गराउनुहुन अनुरोध गरियो ।

## निर्णय नं. ९

नेपालीहरुको महान चाड नजिकिंदै गरेको शुभ-दिपावली र छठ पर्वको उपलक्ष्यमा नगर प्रमुख, उप-प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतले सम्पुर्ण देश बासी नागरिक, नगरपालिका परिवार तथा नगरबासीमा सुख, शान्ति, सुस्वास्थ्य र दिर्घायुको कामना सहित शुभकामना व्यक्त गर्नुभयो ।

Scanned with CamScanner